पारलैङ्गिक अधिकार समूह
Trans Rights Collective (TRC)

A loose network of young trans men & trans women, based in Nepal since 27 Sept. 2020 [transrightscollective@gmail.com]

L.N – 001/2021

नेपाल संवत् ११४१/०४/०६

२०७७ माघ १०

23 Jan 2021

<u>सार्वजनिक वक्तव्य</u>

नेपाल संवत् ११४१/०४/०४ मिति २०७७ माघ ८ गते राती काठमाडौँको नयाँ बसपार्कमा पारलैङ्गिक व्यक्तिहरूलाई प्रहरीद्वारा गरिएको निर्घात कुटपीट घटना प्रति यस पारलैङ्गिक अधिकार समूह (ट्रान्स राइट्स् कलेक्टिभ) को गम्भीर ध्यानाकर्षण भएको छ । प्रहरी प्रशासनबाट यस्तो मानव अधिकार उल्लंघनजन्य कार्य भएकोमा हामी घोर भर्तसना गर्दछौँ।

यस घटनामा निष्पक्ष ढङ्गले छानबिन गरी दोषीलाई कारवाहीको दायरमा ल्याउन हामी सम्बन्धित निकायहरूलाई आवहान गर्दछौँ। त्यसै गरी यस घटना प्रति हामी राष्ट्रिय मानव अधिकार आयोग र नेपाल प्रहरीको मानव अधिकार विभागलाई समेत यस विषयको अनुसन्धान गर्न ध्यानाकर्षण गराउन चाहन्छौँ।

आगामी दिनहरूमा यस्तो अप्रिय घटना नदोहोरिन प्रहरी प्रशासनलाई पारलैङ्गिक व्यक्तिहरू प्रति संवेदनशील बनाउन आवश्यक पहल गर्न समेत हामी माग गर्दछौँ।

हामी,

TRC टीम : आरोन थापा (He/Him) काभ्रे, आयान थपलिया (He/Him) पाल्पा, सगुन थापा (He/Him) बागलुङ, नूर के.सी. (She/Her) कास्की, रुक्शना कपाली (She/Her) ललितपुर।

***